

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रू. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क २४८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ असोज २ गते बुधबार ❑ 18 Sept. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–


## स्वास्थ्य बिमा ५ लाख नै पुऱ्याउनु पर्छः मन्त्री पौडेल

**पोखरापत्र संवाददाता**
पोखरा, १ असोज

नेपाल सरकारका स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदिप पौडेलले स्वास्थ्य बिमा कार्यक्रमको लागि ५ लाख पुर्‍याउनु पर्ने बताउनु भएको छ । मंगलबार पोखरामा आयोजित एक कार्यक्रममा बोल्दै मन्त्री पौडेलले एक लाखसम्म कायम भएको स्वास्थ्य बिमालाई बढाएर ५ लाख पुर्‍याउनु पर्ने बताउनु भएको हो ।

एक लाखको बिमा प्रभावकारी नभएका वेला ५ लाखको कुरा गर्छ भनेले आफुलाई हाल केही समुहले उडाउने गरेको मन्त्री पौडेलले सुनाउनु भयो । व्यबस्थापन गरेमा सम्भव हुने दाबी गर्दै मन्त्री पौडेलले सरकारी तथा गैरकारी कर्मचारीले आफ्नो तलवको २ प्रतिशत बिमाको क्षेत्रमा लगानी गर्दा यसमा राज्यको कुनै आर्थिक भार नहुने जनाउनु भयो । बृद्ध भक्ताको बर्षमा एक महिनाको रकम समेत स्वास्थ्य बिमा गराउन बृद्धबृद्धाहरु यस बिषयमा राजि हुने उहाँको भनाई थियो । स्वास्थ्य बिमा सबै भन्दा बढी लाभ बृद्धबृद्धाहरुले लिनु हुने हुँदा उहाँहरुको सबै



उपचार बिमाबाट हुने व्यबस्था गर्न आवश्यक भएको मन्त्री पौडेलले जनाउनु भयो । राज्यले हाल उपलब्ध गराउदै आएको बृद्ध भक्ता अहिलेकै अबस्थामा आगामी १० बर्ष पछि दिन नसक्ने अबस्थामा पुग्ने उहाँले ठोकुवा गर्नु भयो । पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठानको सभा हलमा आयोजित कार्यक्रममा वोल्दै मन्त्री पौडेलले एक सय दिन भित्र १५ बेडको आसियू कक्ष बढाउन प्रतिष्ठानलाई निर्देशन दिनु भयो । प्रश्न उठ्ने गरि स्वास्थ्य सामाग्री खरिद गर्न सरकारले नचाहेको उहाँले बताउनु भयो । स्वास्थकर्मीलाई १४ महिनाको सेवा सुविधा उपलब्ध गराउने बिषयमा अर्थमा प्रस्ताव गरेको मन्त्री पौडेलले जनाउनु भयो । हाल बिदाका दिनमा पनि स्वास्थ्य सेवामा खटिन कर्मचारीलाई आग्रह गर्दै मन्त्री पौडेलले केही न केही सेवा सुविधा उपलब्ध गराउने जनाउनु भयो । स्वास्थ्य सेवालाई अनलाइन प्रणालीमा लैजानु पर्ने बताउदै उहाँले अस्पतालको सेवाको आधारमा बर्गीकरण गर्नुपर्नेमा जोड दिनु भयो । वी.पी. कोइराला मेमोरियल क्यान्सर अस्पताल, भरतपुर, चितवन र पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान बिच क्यान्सर रोगको उपचार सेवा बिस्तार सम्बन्धमा मंगलबार सम्झौता भएको छ । क्यान्सर अस्पतालका कार्यकारी निर्देशक डा.शिवजी पौडेल र प्रतिष्ठानका निर्देशक डा. भरत बहादुर खत्री बिच सम्झौता पत्रमा हस्ताक्षर गर्नु भएको हो । स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदिप पौडेलको उपस्थितिमा कार्यक्रम भएको थियो । क्यान्सरको स्क्रेनिङ, केमो थेरापी र परामर्श अब पोखराबाटै हुने भएको प्रतिष्ठानका निर्देशक खत्रीले जनाउनु भयो । उक्त सेवा यही महिनाको केही साता भित्र संचालन गर्ने गरी तयारी गरेको उहाँले जनाउनु भयो ।

जनशक्तिलाइ नियमानुसार यातायात, खाजा लगायत खर्चको लागि आवश्यक बजेटको व्यवस्था मिलाउनु पर्ने, प्रथम पक्षले सेवा संचालन गर्दा आवश्यक जनशक्तिको व्यवस्था आफ्नो संस्थाको नियमित सेवा प्रभावित नहुने गरी मिलाउनु पर्ने, विस्तारित सेवाको हकमा महिनाको कम्तीमा एकपटक सेवा सञ्चालन गर्नु पर्ने र विस्तारित सेवामा बहिरङ्ग, अन्तरङ्ग एवं उपचार समेत समेटी सेवा प्रदान गर्नु पर्ने सहमती पत्रमा उल्लेख गरिएको छ । यसैबिच मन्त्री पौडेलले प्रतिष्ठानको विभिन्न विभाग तथा सेवा प्रवाह भएको ओपिडीको अध्ययन अवलोकन गर्नु भएको निर्देशक डा.खत्रीले जनाउनुभयो ।

## विज्ञान र प्रविधिको विकासमा प्रदेश सरकार प्रतिबद्ध : मन्त्री थापा

**पोखरापत्र संवाददाता**
पोखरा, १ असोज



गण्डकी प्रदेश सरकारका सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री विन्दु कुमार थापाले विज्ञान र प्रविधिको विकासमा प्रदेश सरकार प्रतिबद्ध रहेको बताएका छन् ।

१२ औं राष्ट्रिय विज्ञान दिवसका अवसरमा आयोजित कार्यक्रममा उनले विज्ञानलाई समाजको अनिवार्य अंगको रुपमा विकास गर्न आवश्यक रहेको बताए ।

"विज्ञानलाई समाजको अनिवार्य अंगको रुपमा विकास गर्न आवश्यक छ । नेपालको हावापानी र माटो सुहाउँदो आविस्कार चाहियो ।", उनले भने । मन्त्री थापाले विज्ञान र प्रविधिले ल्याएका कुराहरुलाई सहि ठाउमा प्रयोग गर्न सके मात्र लाभ मिल्ने उल्लेख गरे । आजको युग विज्ञान र प्रविधिको युग भएको बताउँदै मन्त्री थापाले कुनै पनि वस्तु वा विषयको प्रयोग र अवलोकनमा आधारित क्रमिक अध्ययन नै विज्ञान हो भएको बताए । आजको समयमा विज्ञान र प्रविधिलाई देशको विकास र समृद्धिको आधारका रुपमा लिन सकिने भनाई उनको छ । प्रा.डा.भरत पहारीले विज्ञानले अरुको गाली गर्न नसिकाउने र जिज्ञासा बढाउने बताए । विषयको विशिष्टिताको ज्ञान हुन आवश्यक रहेको भनाई उनको छ । प्रा.डा. नवराज देवकोटाले साइन्स एण्ड टेक्नोलोजी उत्पादन सङ्ग जोडिनुपर्ने बताए । डा.ढाकाराम भण्डारीले रिसर्चमा वहुवर्षीय रुपमा काम गर्न आवश्यक रहेको बताए । सस्तो लोकप्रियताले विज्ञानमा फड्को मार्न नसकिने भनाई उनको छ ।

डा.पुनम गौचनले रिसर्चमा महिलाहरुको उपस्थिति कम भएको बताइन् । पारिवारिक कारणले गर्दा यस्तो हुन गएको भनाई उनको छ ।

विज्ञान तथा प्रविधि : विकास र उत्पादन वृद्धि भन्ने नारा सहित मनाइएको विज्ञान दिवसको समय पारेर प्यानल डिस्कसन गरिएको थियो । जसको सहजीकरण डा. कपिल अधिकारीले गरेका थिए ।

## स्वास्थ्य मन्त्री पौडेलद्वारा परिवार नियोजन संघको निरीक्षण

**पोखरापत्र संवाददाता**
पोखरा, १ असोज



स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदिप पौडेलले सोमबार नेपाल परिवार नियोजन संघ कास्की शाखाको निरीक्षण गर्नुभएको छ ।

विशेष कामका लागि पोखरामा आउनु भएका मन्त्री


**बाँकी अन्तिम पृष्ठमा ▶▶**


## प्रदेश संरचनालाई थप सबल बनाउँदै लैजानुपर्छः सभापति देउवा

**रासस**
काठमाडौं, १ असोज

नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवाले प्रदेश संरचनालाई थप सबल बनाउँदै लैजानुपर्ने बताउनुभएको छ ।

संविधान दिवसका अवसरमा नेपाली कांग्रेस कानुन विभागद्वारा आज पार्टी केन्द्रीय कार्यालय सानेपामा आयोजित 'संविधानको एकदशक कार्यान्वयन र चुनौती' विषयक विचार गोष्ठीमा उहाँले हाल देसखएका समस्या र कमजारीलाई सुधार्दै प्रदेश संरचनालाई बलियो बनाउन लाग्नुको विकल्प नरहेको बताउनुभएको हो । उहाँले सबै जातजातीलाई मूलप्रवाहीकरण गर्न समानुपातिक समावेशीताको सान्दर्भिकता रहेको भन्नुहुँदै यस व्यवस्थालाई पनि थप व्यवस्थित बनाउनुपर्नेमा जोड दिनुभयो । "कतिपय समुदायलाई समानुपातिक प्रतिनिधित्व गर्नैपर्ने बाध्यता छ । यो देश सबैको हो, त्यसैले समावेशी सिद्धान्तका आकारमा सबै जातजातिलाई राज्यको मूल शासनप्रणालीमा ल्याउन पनि यो समानुपातिक समावेशी प्रणालीको आवश्यकता छ", सभापति देउवाले भन्नुभयो ।

संविधानले परिकल्पना गरेअनुसारसमानुपातिकविकासका लागि पनि यस व्यवस्थालाई पूर्ण रूपमा लागू गर्नुपर्ने भन्नुहुँदै उहाँले सोहीअनुसार संविधान संशोधन गरिनुपर्ने धारणा राख्नुभयो । "जातीय छुवाछूत अन्त्यका लागि भएको कानुनी व्यवस्था व्यवहारमा लागु हुनसकेको छैन । प्रजातन्त्र स्थापना भएको लामोसमय भए पनि अझै धेरै सुधारको खाँचो छ ।

स्वतन्त्र न्यायपालिकालाई बचाउनु छ", पूर्वप्रधानमन्त्रीदेउवाले अगाडि भन्नुभयो, "प्रजातन्त्र नै लोकतन्त्रकने मूलकडी हो, प्रजातन्त्रलाई बन्धक बनाउने गरी संविधान संशोधन हुँदैन । प्रधानमन्त्री ओलीजी स्वयं प्रजातन्त्रको लागि लागेको, जेलनेल भोगेको व्यक्ति हो, यसमा सम्झौता गर्नुहुन्न भन्ने विश्वास छ ।" कांग्रेस केन्द्रीय सदस्य पुष्पा भुसालले संविधानको जग सङ्घीय लोकतान्त्रिक गणतन्त्र र समावेशीता नै भएकाले त्यसलाई व्यवहारमालागुगर्नुपर्नेआवश्यकता औँल्याउनुभयो । "कांग्रेसले समावेशीतालाई अपनाउन, विभेद र असमानता हटाउन गरेको योगदानको चर्चा जनसमक्ष पुग्न सकेन", उहाँले भन्नुभयो, "बहुमत प्राप्त स्थिर सरकार नहुँदा हाम्रो परिकल्पनाअनुसार घोषणापत्र कार्यान्वयन गर्न सकिएन । त्यसो भएको भए थप काम गर्न सकिन्थ्यो । गठबन्धन सरकार बनाउनु हाम्रो बाध्यता हो ।"

अबको निर्वाचनमा कांग्रेसले युवाको अपेक्षालाई सम्बोधन गर्न सक्ने गरी स्थिर सरकारको नारा लिएर जनतामा जानुपर्ने धारणा राख्नुभयो ।

कांग्रेस केन्द्रीय सदस्य एवं कानुन विभाग प्रमुख मानबहादुर नेपालीले जनताले देखेका सपना, अपेक्षा र आशालाई यथार्थमा बदल्न लाग्नुपर्ने बताउनुभयो । उहाँले संविधान निर्माणको नेतृत्व गरेको पार्टी कांग्रेस यसमा अझ बढी जिम्मेवार र सचेत हुनुपर्नेबताउनुभयो।वरिष्ठअधिवक्ता संविधानविद् पूर्णमान शाक्यले नेपाली कांग्रेसले राजामा निहित अधिकार जनतामा ल्याउन र जनप्रतिनिधिमार्फत संविधान निर्माण गरेर त्यसलाई वैधता दिन खेलेको भूमिका सराहनीय रहेको र अब त्यसको संस्थागत विकासका लागि काम गर्नुपर्नेमा जोड दिनुभयो ।

उहाँले संविधानले अङ्गिकार गरेको मूल्य मान्यतालाई अझ बलियो बनाउने गरी क्रियाशील हुन आग्रह गर्नुभयो । "सङ्घीय र प्रदेश सरकार स्थिर नभएसम्म स्थानीय सरकार मात्रै स्थिर भएर आर्थिक र पूर्वाधार विकासले गति लिन सक्दैन । स्थानीय सरकारबाट मात्रै जनता सन्तुष्ट हुन सकेका छैनन्", संविधानविद् शाक्यले भन्नुभयो, "हाम्रो शासन व्यवस्थामा केही त्रुटि छ, यसमा सोच्नुपर्ने अवस्था आएको छ । प्रदेश तहमा पनि स्थायी सरकारको परिकल्पना गर्नुपर्छ, त्यहाँ प्रत्यक्ष निर्वाचन गरेर हेरौं न ! संविधानलाई परिमार्जन गरेर त्रुटी सच्याउँदै अगाडि बढ्न आवश्यक छ ।"


संबिधान दिवस भब्य रूपमा मनाऔं

◆ नेपालको संबिधान जारी भएको दिन असोज ३ गते संविधान दिवस राष्ट्रि उत्सवका रुपमा मनाऔं ।

◆ संघ, प्रदेश र स्थानीय तहमा विविध कार्यक्रमको आयोजना गरौं, संबिधान दिवसको महत्व बढाऔं ।

◆ प्रत्येक नागरिकले असोज २, ३ र ४ गते घर-घरमा राष्ट्रिय झण्डा फहराऔं, दीपावली गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# मुस्ताङको पाक्लिङमा २० करोडको लागतमा गुम्बा निर्माण

**पोखरापत्र संवाददाता**
म्याग्दी, १ असोज

मुस्ताङको वारागुङ मुक्तिक्षेत्र गाउँपालिका-४ पाक्लिङमा रु २० करोडको लागतमा गुम्बा निर्माण भएको छ । आध्यात्मिक अध्ययन केन्द्र परियोजनामार्फत मुस्ताङ संस्कृति तथा शिक्षा केन्द्रले पाक्लिङमा 'सेनतेन थ्याग्पालिङ बोन गुम्बा' निर्माण गरेको हो ।



विसं २०७९ वैशाखमा ठेक्का सम्झौता गरेको बिएम अमित जेभीले गुम्बा निर्माण गरेपछि धार्मिक विधिअनुसार यसै हप्तादेखि गुम्बा सञ्चालन गर्न लागिएको मुस्ताङ संस्कृति तथा शिक्षा केन्द्रका इन्जिनियर सुदीप थकालीले जानकारी दिनुभयो । "गुम्बाको भवन निर्माण, मूर्ति, सजावट, फर्निचरसहितको सबै काममा पहिलो चरणमा रु २० करोड लगानी भएको छ," उहाँले भन्नुभयो "पाक्लिङलाई बोन धर्मको अनुसन्धान केन्द्रका रूपमा विकास गर्ने लक्ष्यसहित १५ रोपनी क्षेत्रफलमा पूर्वाधार निर्माण भइरहेको छ ।"

अस्ट्रेलिया र अमेरिकामा रहेको मुस्ताङ बोन फाउन्डेसनले समाज कल्याण परिषद्मार्फत गुम्बासहितका पूर्वाधार निर्माणका लागि मुस्ताङ संस्कृति तथा शिक्षा केन्द्रलाई सहयोग उपलब्ध गराएको हो ।

दोस्रो चरणमा गुम्बा परिसरमा रु १८ करोडको लागतमा अस्पताल, बहुउद्देश्यीय सभाहल र अतिथिगृहको भवन निर्माण सुरु भएको छ । तेस्रो चरणमा लामा विद्यालय भवन निर्माणका लागि डिजाइन तयार भएको इन्जिनियर थकालीले बताउनुभयो । सो विद्यालयमा एक/एक सय जना लामा विद्यार्थी र भिक्षुहरूलाई आवासीय सुविधा दिने केन्द्रले जनाएको छ ।

तिब्बतमा बुद्ध धर्मको प्रचार हुनुअघि नै बोन धर्मको स्थापना भएको र मुस्ताङमा पनि सोही धर्मको प्रभाव रहेको मानिन्छ । वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाका अध्यक्ष रिनजिन नामग्याल गुरुङले यो गुम्बाले धार्मिक पर्यटन विकासमा सहयोग पुग्ने विश्वास गरिएको बताउनुभयो । जोमसोम-कागबेनी सडकको एक्लेभट्टी नजिकै गुम्बा रहेको छ ।

पाक्लिङको छिमेकी गाउँ लुप्राका बासिन्दाहरूले अझै बोन धर्म मान्दै आएका छन् । १४ घरधुरी रहेको लुप्रा गाउँका सबैले बोन धर्म मान्छन् । थासाङको नाउरिकोट र मुक्तिनाथ नजिकैको झारकोटमा पनि बोन धर्म मान्ने दुई/चार घरधुरी रहेको लुप्रामा रहेको योङफुङ फेनलेलिङ गुम्बाका लामा योङडोङ फेनछोक गुरुङले बताउनुभयो । उहाँका अनुसार बोन धर्म बुद्ध धर्मअन्तर्गतकै हो ।

मुस्ताङ संस्कृति तथा शिक्षा केन्द्रले मुस्ताङ बोन फाउन्डेसनको सहयोगमा मुस्ताङका ६५ जना गरिब तथा जेहेन्दार विद्यार्थीहरूलाई कक्षा १ देखि स्नातक तहसम्म छात्रावृत्तिमा पठनपाठनको व्यवस्था मिलाएको छ ।

# ढुक्क भएर सहकारीमा बचत गर्न सदस्यहरुलाई आग्रह

**पोखरापत्र संवाददाता**
पोखरा, १ असोज

गण्डकी प्रदेश सभा सदस्य देवका पहारीले सहकारीले वित्तिय अनुसासनमा रहेर काम गर्दै आएकाले कुनै शंका नगरी आर्थिक कारोबार गर्न शेयर सदस्यहरुलाई आग्रह गरेकी छन् ।



पोखरा महानगरपालिका वडा नं ६ मा अवस्थित हाम्रो सामुदायिक बचत तथा ऋण सहकारीको १४ औ बार्षिक साधारण सभाको मंगलबार उद्घाटन गर्दै उनले संस्थाले विगत गरेको काम बाट शिक्षा लि अगाडि बढेमा संस्थाको भविश्य उज्वल रहने विश्वास ब्यक्त गरिन ।

सहकरीले आफ्ना शेयर सदस्यहरुको पिर मर्का बुझेर सहयोग गर्ने सके सहकारी को महत्व बढने छ । उनले नेपालको कुल ग्राहस्थ उत्पादनमा सहकारी ४ प्रतिशतको देन रहेको स्मरण गर्दै, ७० हजार भन्दा बढीलाई रोजगार दिएको सहकारीहरुको बारेमा चलेको नकारात्मक हल्लाले समग्रह सहकारीलाई एउटै नजरले नर्हेन आग्रह गरिन ।

सल्लाहकार चुडामणी पहारीले आफ्नो सहकारीको वित्तीय अवस्था कस्तो छ र कसरी सञ्चालन भएको छ भनेर सेयर सदस्य आफैंले चासो राख्नुपर्ने बताए ।

सल्लाहकार पम्फा पहारीले सहकारीले आफ्ना सदस्यहरुलाई उत्पादन मुलक कार्यमा लगाउन पर्नेमा जोड दिइन । पोखरा महानगर पालिका वडा नं ६ का वडा सदस्य पवित्रा थापाले संस्थाले उदपादनशिल क्षेत्रमा लगानी गरेमा राम्रो प्रतिफल दिन सक्ने बताउदै, सहकारीले ऐन/कानुनको पालना गरी अगाडी बढनु पर्ने बताइन । संस्थाका अध्यक्ष एवमं कार्यक्रमका सभापति लक्ष्मी नाराण श्रेष्ठले शेयर सदस्यहरुको हकहितलाई ध्यान मध्यनजर गर्दै आगामी कार्ययोजना अगाडी बढाउने प्रतिबद्धता ब्यक्त गरे । सामुदायिक प्रहरी सेवा केन्द्र बैदामका अध्यक्ष नेत्र भण्डारीले पछिल्लो समय सञ्चालक समेतको मिलेमतोमा कमसल धितो राखेर ऋण लगानी भएका सहकारीहरू समस्याग्रस्त रहेको र तिनीहरूले चाहेर पनि बचतकर्ताको बचत रकम फिर्ता गर्न सक्ने अवस्था नरहेको बताए । शेयर सदस्य तथा नमुना आमा समुह बैदामकी अध्यक्ष जुना अधिकारीले सहकारीले शेयर सदस्यहरु प्रति गरेको सहयोगको प्रशंसा गरिन ।

संस्थाका सचिव चिरञ्जिबि पोखरेल प्रस्तुत गरेका सचिबको प्रतिवेदन, कोषाध्यक्ष रामप्रसाद ढकालले प्रस्तुत गरेको कोषाध्यक्षको प्रतिबेदन, ऋण लगानी तथा असुलि उपसमितीका संयोजक भरत बहादुर पौडेलले प्रस्तुत गरेको बार्षिक प्रतिबेदन र लेखा सुपरीवेक्षण समितिका संयोजक विष्णु प्रसाद बरालले प्रस्तुत गरेको लेखा समितिको प्रतिबेदन उपर छलफल गरि आवश्यक सुझाब सहित पारित गरिएको थियो । संस्थाका उपाध्यक्ष भरत बहादुर पौडेल स्वागत गरेको कार्यक्रमा संचालक सदस्य जमुना पराजुलिले सहकारी सात सिद्धान्त वाचन गरेकी थिइन ।

# 'अव्यवस्थित ग्रामीण सडकले गाउँको सुन्दरता बिगार्‍यो'

**पोखरापत्र संवाददाता**
बागलुङ, १ असोज

स्थानीय तह स्थापना हुनुपूर्व बागलुङका अधिकांश गाउँमा सडकको पहुँच पुगेको थिएन । तर अहिले सडक नपुगेको बस्ती नै छैनन् ।

गाउँ-गाउँसम्म सडक पुगेपछि नागरिकलाई सुविधा त दिएको छ, तर अव्यवस्थित रूपमा निर्माण भएका मोटर बाटोले कयौँलाई उठिबाससमेत लगाएको छ । बर्सेनि जिल्लाका १० वटै स्थानीय तहले सडक निर्माणका लागि करोडौं रकम विनियोजन गर्दै आएका छन् । अग्ला-अग्ला पहाडको शिरमा रहेका बस्तीसम्म सडक पुर्‍याउँदा त्यसले पर्यावरणमा पर्ने असरका बारेमा भने कसैको ध्यान पुग्न सकेको छैन । स्थानीय तहले हिउँदका समयमा धमाधम सडक निर्माण गर्छन् । बर्खाको समय ती सडक बाढी र पहिरोले बगाउँदा ठूलो क्षति पुर्‍याउँदै आएको छ । गत साउन २२ गते बडिगाड गाउँपालिका-९ र १० का विभिन्न स्थानमा आएको बाढीपहिरोले ११ जनाको निधन भयो । धेरै मानिस घाइते भए । करिब ८० घर विस्थापित हुनुपरेको छ । गाउँमा पहिरो आउनु अव्यवस्थित सडक निर्माण भएको धेरैले आकलन गरेका छन् । बडिगाडमात्र नभएर निसीखोला गाउँपालिका-१ को हुल्दी गाउँ नै सात वर्ष अगाडिदेखि पहिरोको उच्च जोखिममा परेको छ । गाउँको अवस्था नबुझी जथाभावी सडक निर्माण गर्दा पहिरोले सिङ्गो गाउँले जोखिम मोलेर बस्नुपर्ने अवस्था छ । जिल्लाको ढोरपाटन, जैमिनी, गलकोट, बागलुङ नगरपालिका, काठेखोला, तमानखोलासहित सबै पालिकामा यस वर्ष पहिरोले ठूलो क्षति गरेको छ । पहिरोले क्षति पुर्‍याएको अधिकांश स्थान मोटर बाटोको छेउछाउ रहेका छन् । बिनाइन्जिनियरिङ निर्माण भएका सडकले गाउँघरको सुन्दरतालाई कुरुप बनाउनुका साथै पर्यावरणमा पनि नकरात्मक असर पुर्‍याएको छ । अव्यवस्थित सडक निर्माण हुँदा पानीका मुहान सुक्ने र मौलिक सम्पदा मासिने गरेको गलकोटका प्रेमबहादुर खत्रीले बताउनुभयो । हिउँदा करोडौँ लगानी गरेर सडक निर्माण गर्ने तर बर्खामा सञ्चालन हुन नसक्ने उहाँको भनाइ छ ।

खत्रीले भन्नुभयो, "धेरैजसो स्थानीय तहले सबैभन्दा बढी बजेट सडक निर्माण खर्च गर्छन्, ती सडक गुणस्तरीय बन्न सकेका छैनन्, अझ गाउँमा निर्माण भएका सडक त बिनाइन्जिनियरिङ खनिएका छन्, बर्खामा गाउँबाट बजार झर्नुपर्‍यो भने हिँड्नुपर्छ, सबै सडक बन्द हुन्छन्, हिउँदमा मात्र चल्ने बर्खामा नचल्ने धेरै सडक अव्यवस्थित छन् ।"

तमानखोलाका मकरबहादुर सिर्पालीले दुई-चार घर भएको ठाउँमा स्थानीय सरकारले लाखौँ रकम खर्च गरेर सडक पुर्‍याउने गरेको भन्दै त्यसले फाइदाभन्दा बढी बेफाइदा गरेको बताउनुभयो । पालिकाभित्र करिब ५० बढी सडक भएको तर बर्खामा कुनैमा पनि गाडी नचल्दा नागरिकले सास्ती खेप्नुपरेको उहाँलेगुनासोपोख्नुभयो । उपभोक्ता समितिमार्फत निर्माण भएका धेरै सडक बिनानापजाँच खनिएको हुँदा गाडी गुड्ने मोडिने घुम्तीसमेत नमिलेको हुने उहाँको भनाइ छ । गलकोट नगरपालिकाका प्रवक्ता हिमबहादुर भण्डारीले ग्रामीण सडकलाई व्यवस्थित बनाउन थालेको बताउनुभयो । विसं २०७३ अगाडि नै नगरपालिकाभित्र तीन सय ३० किलोमिटर ग्रामीण सडक निर्माण भएको र नगरपालिकाको स्थापनादेखि हालसम्म सात वर्षमा एक सय ५७ किलोमिटर नयाँ सडक निर्माण भएको भन्दै ती सबै सडकलाई व्यवस्थित बनाउन थालेको उहाँको भनाइ छ । नगरपालिकाभर नयाँ तथा पुराना गरी चार सय ८७ किलोमिटर ग्रामीण सडक रहेको हुँदा नयाँ ट्र्याक खोल्न बन्द गरी पुरानालाई स्तरोन्नति गर्ने उहाँ बताउनुहुन्छ ।

"जिल्लामा धेरै ठाउँ अव्यवस्थित सडक निर्माण गरियो, धेरै सडक बनाइयो भनेर गुनासो बढेको छ, तर हामीहरूले नागरिकको आवश्यतालाई मध्यनजर गरी सडक निर्माण गरेका छौँ, गलकोट क्षेत्रमा धेरै वर्ष अगाडिदेखि नै सडक खुल्न थालेका थिए, नगरपालिका स्थापना भएर जनप्रतिनिधि आएपछि सुरुका वर्षदेखि सडकमा लगानी पनि गरिएको थियो", प्रवक्ता भण्डारीले भन्नुभयो, "अब करिब-करिब धेरै बस्तीमा सडक पुगिसकेको हुँदा नयाँ ट्र्याक नखोल्ने योजना बनाएका छौँ, अतिआवश्यक परेका ठाउँमा ट्र्याक खोल्नै परे खोलिने छ नत्र स्तरोन्नतिमा ध्यान दिनेछौँ ।"

# पैगम्बर मोहम्मदको जन्मजयन्तीमा शान्तिर्‍याली

**पोखरापत्र संवाददाता**
तनहुँ, १ असोज

मुस्लिम धर्मालम्बीहरुको पैगम्बर मोहम्मदको १४९९औँ जन्मोत्सवको अवसरमा आज दमौलीमा शान्तिर्‍याली निकालिएको छ । दमौली मुस्लिम अन्जुमन कमिटीको आयोजनामा नुरी हन्फी जामे मस्जिदबाट सुरु भएको शान्तिर्‍याली दमौली बजार परिक्रमा गरी पुनः मस्जिदमा आएर टुङ्गियो ।

मुस्लिम समुदायको सन्देष्टाका रुपमा पैगम्बर मोहम्मदलाई मान्ने गरिएको दमौली मुस्लिम अन्जुमन कमिटीका सचिव मन्सुर अहमदले जानकारी दिनुभयो । जन्मोत्सवको अवसरमा सोमबारदेखि विविध कार्यक्रम गरिएको उहाँले बताउनुभयो । पैगम्बर मोहम्मदको जन्म साउदी अरबको मक्कामा भएको र पछि साउदी अरबको मदिना गएको इतिहास छ । पैगम्बर जन्मेको ५३ वर्षपछि इस्लामिक पात्रो (हिजरी संवत) सुरु भएको हो । जगतको सृष्टिदेखि पवित्रस्थलमा रहेको मक्का मदिना पहिले सबै धर्मावलम्बीले पूजा आराधना गर्ने तीर्थस्थल थियो । मोहम्मदले उपदेश दिने क्रममा यहीँ कुरान अवतरित भएको विश्वास मुस्लिम समुदायको छ । कुरान अवतरित भएपछि यहाँ अन्य धर्मावलम्बी कम गएको विश्वास छ । त्यसपछि इस्लाम धर्मावलम्बीको मुख्य तीर्थस्थलका रुपमा मान्न थालिएको हो । यसअघि जेरुसेलमलाई इस्लाम धर्मावलम्बीको मुख्य तीर्थस्थल मानिन्थ्यो । यसैकारण इस्लाम धर्मावलम्बीले जीवनमा एकपटक मक्का मदिनामा गएर हज गर्न चाहन्छन् । इस्लाम धर्ममा महत्वपूर्ण योगदान गरेकाले पैगम्बर मोहम्मदको उपदेशलाई मुस्लिम समुदायले हरेक वर्ष सम्झने गर्छन् ।

# विभागीय टोली एपिएफ विजयी

**रासस**
काठमाडौं, १ असोज

एन्फा महिला लिग फुटबल प्रतियोगितामा सङ्कटा क्लबलाई विभागीय टोली नेपाल एपिएफले हराएको छ ।

सातदोबाटोस्थित अखिल नेपाल फुटबल सङ्घ (एन्फा) मैदानमा मंगलबार भएको खेलमा एपिएफले सङ्कटाविरुद्ध ३-० को जित निकालेको हो । यो जितसँगै छ खेलमा १६ अङ्क जोडेको एपिएफ शीर्षस्थानमा छ । प्रतियोगिता सङ्कटा समान छ खेलबाट पाँच अङ्कका साथ सातौँ स्थानमा छ । एपिएफको जितमा सरु लिम्बू, अनिता केसी र सविता रानामगरले समान एक-एक गोल गरे । खेलको १३औँ मिनेटमा सरुको गोलमार्फत एपिएफले अग्रता लिएको थियो । खेलको ५०औँ मिनेटमा अनिताले अर्को गोल गरेर टिमको हौसला बढाइन् । खेलको ६४औँ मिनेटमा सविताले गोल गर्दै एपिएफलाई सहज जित दिलाइन् ।


HIMALAYAN LIFE

**प्रधान कार्यालय मनकामना मार्ग, काठमाडौं, नेपाल**
**फोन नं. ५९७००५७ पो.ब.नं. २५९७९**

## हकदाबी सम्बन्धी सूचना

यस कम्पनीबाट जारी तपसिलमा उल्लेख भएका बीमालेखका बीमितहरुले बीमालेख हराएको/नासीएको ले प्रतिलिपी बीमालेखको लागि निवेदन पेश गरेको हुँदा उक्त बीमालेख उपर कसैको हक( दाबी भए यो सूचना प्रकाशित मितिले ३५ दिन भित्र कम्पनीको केन्द्रीय कार्यालयमा सबुद प्रमाण सहित हकदाबी दर्ता गर्नुहुन सम्बन( धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । सो अबधि भित्र दाबी दर्ता नभएमा निवेदकहरुको माग बमोजिम प्रतिलिपी बीमालेख जारी गरीने व्यहोरा समेत सम्बन्धित सबैका लागि जानकारी गराइन्छ ।

तपसिल

| क्र.सं. | बीमालेख नं. | बीमितको नाम | ठेगाना |
|---|---|---|---|
| १ | PLI १६१००००५४८ | रक्षा बराल | पोखरा- ७, कास्की |
| २ | PLI १६१००००५६२ | रश्मी बराल | पोखरा- ७, कास्की |
| ३ | PLI १६१००००९९३ | अन्मिसा महत | भरतपोखरी- ६ कास्की |
| ४ | GLI०६१०००६२५९ | सुन्तली विश्वकर्मा | अन्नपूर्ण गा.पा.- ३ कास्की |
| ५ | GLI ००१००१८२७९ | दिपेन्द्र ढकाल | पोखरा- ६, कास्की |



## Phedikhola Rural Municipality
## Office of Rural Municipal Executive
### Phedikhola, Syangja
### Gandaki Province, Nepal

## Invitation for Bids

First date of Publication: 18th September 2024

1. Phedikhola Rural Municipality invites only electronic bids for Upgrading of Kuvinde Mattikhan Nuwakot road at CH 4+100 to 4+420 in Phedikhola-01, Kothegaun, Syangja under contract ID 4-PRM-W-NCB-UG-081-82-4 under National Competitive Bidding Procedure (NCB). The estimated cost of the work is NRs. 5,000,051.56 (Including overhead, VAT & PS). Electronic Bidding is open to all eligible Nepalese Bidders.
2. Cost of bid document NRs. 3000.00. Information to deposit the cost of bid document in Bank: Name of the Bank: Prime Bank Limited, Phedikhola, Syangja; Name of Office: Office of Rural Municipal Executive, Phedikhola Rural Municipality, Phedikhola, Syangja; Office Account Number: 06501000000030800180; Name of account: Aantarik Rajaswa Khata of Phedikhola Rural Municipality
3. Electronic bid submission deadline: before 12:00 hrs on 18-October-2024, Electronic bid opening date and time: 12:00 hrs on 18-October-2024.
4. Bid security amount NRs. 12300,000.00. If cash deposited as bid security, then mentioned amount should be deposited in Dharauti account of Phedikhola Rural Municipality, account No. 06501000000003600179 at Prime Bank, Phedikhola, Syangja.
5. Eligible Bidders may obtain detail information by inspecting the Bidding Documents at the Office of Rural Municipal Executive, Phedikhola Rural Municipality, Phedikhola, Syangja or from website: www.phedikholamun.gov.np or may visit PPMO website www.bolpatra.gov.np/egp.